**संघीय संसद्**

# राष्ट्रिय सभा

**छैठौं अधिवेशन**

**बैठक - ०६**

## सूचना पत्र - २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७७ जेठ ४ गते आइतबार**

---

संघीय संसद्, राष्ट्रिय सभाको **छैठौं अधिवेशन**को **छैठौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **बिहान ११:५० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के. पी. शर्मा ओलीको तर्फबाट माननीय उपप्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेललाई "सम्माननीय राष्ट्रपतिले सम्वत् २०७७ जेठ २ गते शुक्रबारका दिन संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा गर्नु भएको सम्बोधनमा उल्लिखित आ.व. २०७७/०७८ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम माथिको छलफल प्रारम्भ गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय उपप्रधान तथा रक्षा मन्त्री इश्वर पोखरेलले सभा समक्ष प्रस्तुत गर्नुभएको "सम्माननीय राष्ट्रपतिले सम्वत् २०७७ जेठ २ गते शुक्रबारका दिन संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा गर्नु भएको सम्बोधनमा उल्लिखित आ.व. २०७७/०७८ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफल प्रारम्भ गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त आ.व. २०७७/०७८ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम माथि माननीय सदस्यहरूबाट ३ वटा संशोधन प्रस्तावहरू प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु हुँदै छलफलका क्रममा सर्वप्रथम संशोधन प्रस्ताव पेश गर्नु हुने माननीय सदस्यहरूलाई संशोधन प्रस्ताव सहित छलफलमा भाग लिन समय उपलब्ध गराउनु हुने जानकारी गराउनुभयो ।

लगत्तै सम्माननीय अध्यक्षले देहायका संशोधनकर्ता माननीय सदस्यहरूलाई आफ्नो संशोधन प्रस्ताव सहित छलफलमा भाग लिन समय उपलब्ध गराउनुभयो ।

१. मा. प्रमिला कुमारी
२. मा. अनिता देवकोटा
३. मा. जितेन्द्र नारायण देव
४. मा. रमेशजंग रायमाझी
५. मा. प्रकाश पन्थ
६. मा. शेखर कुमार सिंह
७. मा. मृगेन्द्र कुमार सिहं यादव

तत्पश्चात्, सम्माननीय अध्यक्षले आ.व. २०७७/०७८ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिन चाहनु हुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो ।

१. मा. नारायण काजी श्रेष्ठ
२. मा. परशु राम मेघी गुरूङ
३. मा. देवेन्द्र दाहाल
४. मा. विमला घिमिरे
५. मा. सिंग बहादुर विश्वकर्मा
६. मा. तुलसा कुमारी दाहाल
७. मा. विना पोखरेल
८. मा. गोपी बहादुर सार्की आछामी

९. मा. कोमल वली
१०. मा. डा. विमला राई पौड्याल
११. मा. चक्र प्रसाद स्नेही
१२. मा. शेर बहादुर कुँवर
१३. मा. कविता बोगटी
१४. मा. वेदु राम भुसाल

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिले २०७७ जेठ २ गते संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आ.व. २०७७/०७८ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा माननीय सदस्यहरूले आगामी बैठकमा बोल्ने क्रम जारी रहने व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७७ साल जेठ ५ गते सोमबार बिहान ११:०० बजे** बस्ने गरी **दिनको २:४० बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

**(डा. भरतराज गौतम)**
**संघीय संसद्को महासचिव**